नेपाली राजदूतावास
तेल अबिब, ईजरायल
**Embassy of Nepal**
**Tel Aviv, Israel**

## अनौपचारिक रुपमा रहेको विप्रेषण सम्बन्धी सूचना !!!

सम्पति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणका लागि विदेशमा रही अनौपचारिक रुपमा विप्रेषणको काम /कारोवार(हुण्डी) गरेका वा संकलित रकम नेपाल नपठाएको गोप्य सूचना परराष्ट्र मन्त्रालय मार्फत् अर्थ मन्त्रालय वा सम्बन्धित निकायमा विद्युतीय माध्यमबाट पठाउँनु पर्ने व्यवस्था भएबमोजिम यस राजदूतावासले सो सम्बन्धी सूचना राजदूतावासमा उपलब्ध गराउँन समय समयमा सूचना प्रकाशित गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०८२ चैत्र १३ मा स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय/१०० कार्यसूचीको स्वीकृत बुँदा नं. ४५ मा Integrated Digital Asset Registry को स्थापना गर्ने, सोमा जोखिममा आधारित संकेत (Risk –Based Red Flag) प्रणाली लागू गर्ने तथा सन्देहात्मक कारोवारहरुको स्वचालित पहिचान गरी सम्बन्धित निकाय मार्फत् अनुसन्धान प्रक्रिया अगाडि बढाउने उल्लेख भएको छ ।

अतः इजरायल तथा साइप्रसमा रही कोही कसैले पनि अनौपचारिक रुपमा विप्रेषणको काम/कारोवार नगर्नु नगराउँनु हुन र यदि कसैले त्यस्तो काम/कारोवार गरेको भए त्यस्तो कार्य गर्ने, गराउँनेको विवरण प्रमाणसहित यस राजदूतवासमा जानकारी गराई अनौपचारिक रुपमा हुने विप्रेषणलाई रोक्ने कार्यमा सहयोग गर्नुहुन सम्बन्धित सवैसंग अनुरोध गरिन्छ ।

नेपाली राजदूतावास,
तेल अविव
२३ बैशाख २०८३

**Textile Center Building, 2 Kaufman St. Tel Aviv, 6801294**
**Tel, (+972)35100111, Fax. (+972)35167965,**
**Email:nepal.embassy@012.net.il, Website: www.il.nepalembassy.gov.np**